# राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान

**घोराही, दाङ, नेपाल**

**छात्रावास संचालन सम्बन्धी सूचना**

सूचना प्रकाशित मितिः २०८१/०७/३०

यस प्रतिष्ठानको MBBS/Nursing शैक्षिक कार्यक्रम संचालनको लागि आवश्यक पर्ने छात्रावासको लागि प्रतिष्ठानले खुल्ला प्रतिस्पर्धाद्वारा प्रस्ताब आव्हान गरि कम्तिमा ५ (पाँच) वर्षका लागि छात्रावास संचालन गर्नु परेकोले ईच्छुक व्यक्ति/फर्मले आफुले चाहेको मासिक बहाल रकम अंक र अक्षर दुवैमा प्रष्ट खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस कार्यालय खुलेको दिन घोराही, दाङ स्थित प्रतिष्ठानको प्रशासनिक कार्यालयमा आईपुग्ने गरि रित पूर्वक शिलबन्दी दरभाउपत्रको प्रस्ताव प्रस्तुत गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. पुरुष र महिलाको लागि छुट्टा छुट्टै छात्रावास भवन हुनु पर्ने ।
२. पुरुष छात्राबासको लागि न्यूनतम् १५ देखि १७ वटा कोठाहरु हुनु पर्ने र महिला छात्राबासका लागि २८ देखि ३० वटा कोठाहरु हुनु पर्ने ।
३. दुवै छात्रावासमा प्रर्याप्त मात्रामा शौचालय र २४ सैं घण्टा पानीको व्यवस्था हुनु पर्ने ।
४. दुवै छात्रावासमा बिजुली, शुद्व खाने पानी, टेलिफोन र ईन्टरनेटको सुविधा भएको हुनुपर्नेछ ।
५. दुवै छात्रावासमा २४ सैं घण्टा सुरक्षा व्यवस्था चुस्त दुरुस्त हुनुपर्ने ।
६. दुवै छात्रावास प्रतिष्ठानको १ किलोमिटरको दुरी भित्र हुनुपर्ने
७. दुवै छात्रावासमा पार्किङको राम्रो व्यवस्था हुनुपर्नेछ ।
८. दुवै छात्रावासमा Outdoor/Indoor खेलको व्यवस्था रहेको हुनु पर्ने ।
९. प्रत्येक विद्यार्थीको लागि वेड/म्याट्रेस/सिरानी/बल्याङकेट/स्टडी टेबल/कुर्सी/बुक र्‍याकको व्यवस्था हुनु पर्ने ।
१०. पुरुष र महिला छात्रावासमा छुट्टा छुट्टै मेस संचालन गर्नु पर्ने ।
११. विद्यार्थीको लागि विहान, बेलुका २ छाक खाना, विहान एकपटक चिया नास्ता र बेलुका एक पटक चियाको व्यवस्था हुनपर्ने ।
१२. हप्तामा एक छाक मटन, एक छाक चिकेन, एक छाक अण्डा करी र बाँकी दिनमा भेज खाना खुवाउनु पर्ने । साथै साहाकारीको लागि पनिर/च्याउको व्यवस्था गर्नु पर्ने ।
१३. होस्टेलमा लुगा सुकाउने व्यवस्था हुनु पर्नेछ ।
१४. बहालमा दिने घरको फोटो, जग्गाधनीपुर्जा, तिरो तिरेको रसिद, घर जग्गा कर तिरेको रसिद, जग्गाधनीको नेपाली नागरिकताको प्रतिलिपि र भवन निर्माणको नक्सापासको प्रमाणपत्रको प्रतिलिपि संलग्न हुनुपर्नेछ ।
१५. प्रस्तावको खामबाहिर राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको छात्रावासको प्रयोजनका लागि घर बहालको शिलबन्दी दरभाउपत्र भनी स्पष्ट लेखेको हुनुपर्नेछ ।
१६. दर्ता हुनआएका शिलबन्दी दरभाउपत्रहरु दरखास्त दिने अन्तिम मितिले भोलीपल्ट दिनको २:०० बजे प्रतिष्ठानको प्रशासनिक भवनमा खोलिनेछ । यदी दर्ता गर्ने अन्तिम दिन वा खोल्ने दिनविदा परेमा त्यसको भोलीपल्ट माथी उल्लेखित समयमा दर्ता गर्ने वा खोलिनेछ ।

१७. प्रस्ताब स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार यस प्रतिष्ठानमा निहित रहनेछ ।

१८. प्रस्तावित घरमा कुनै किसिमको स्वामित्व विवाद नभएको हुनुपर्नेछ ।

१९. प्रस्तावित दरभाउपत्रमा कुनै बिषय प्रष्ट पर्न आवश्यक देखिएमा सम्बन्धित घरधनीसंग सम्पर्क गरि प्रष्ट पारिनेछ ।

२०. बजार मुल्य अनुसार प्रतिष्ठान र प्रस्तावक विच आपसी सहमतीका आधारमा छात्रावास शुल्क समायोजन गरिनेछ ।

२१. यस ठेक्काको मूल्याङ्कन प्याकेज बेसिसमा गरिनेछ ।

२२. यस ठेक्का दुई खाम विधिबाट हुनेछ जसका लागि प्राविधिक प्रस्ताब र आर्थिक प्रस्ताब छुट्टा छुट्टै खाममा पेश गर्नु पर्नेछ ।

२३. शुल्क विवरणः

| S.N. | Description | Rate | Remarks |
|---|---|---|---|
| 1 | Single Bed Room | 17,200 | Monthly |
| 2 | Double Bed Room | 16,200 | |

२४. प्रस्ताबमा उल्लेख गरिने शुल्क अन्तर्गत प्रति विद्यार्थी छात्रावास शुल्कमा सुरक्ष व्यवस्था खाना, कोठा, आछ्यान, पानी, विजुली, इन्टरनेटको एकमुष्ठ रकम खुलाउनु पर्नेछ । सो रकम बढीमा बुदा नं. २३ मा उल्लेख गरेको भन्दा धेरै भएमा अस्वीकृत हुनेछ ।